# कलैया उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प्रदेश नं. २, बारा, कलैया

## आन्तरिक आय ठेक्का लगाउने बारेको सूचना

पहिलो पटक प्रकाशित गरिएको मिति २०७६।०१।२४ गते ।

स्थानीय संचालन सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ दफा ६२ को घ मा व्यवस्था भए बमोजिम यस उपमहानगरपालिकाले गत विगत वर्षहरुमा आय संकलनको लागि ठेक्का लगाउँदै आए अनुसार देहायको शिर्षकमा ठेक्काबाट कर उठाउनको लागि आ.ब. ०७५।०७६ (अषाढ मसान्त सम्म) को लागी ठेक्का बन्दोबस्त गर्नु परेकोले तपशिलको शर्तहरुको अधिनमा रहने गरी इच्छुक फर्म वा कम्पनीहरुले १५ दिन भित्र कबोलपत्र खरिद गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

### तपशिल

| ठेक्का नं. | ठेक्का शिर्षक | ठेक्का अवधि | धरौटी खाता नं. | वार्षिक न्यूनतम अंक रु. | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| ५ /०७५।०७६ | विज्ञापन कर | २०७८ अषाढ मसान्त | १२६०३०३००७१०२ | २,००,०००। | १,०००/– |

### अन्य शर्तहरु

१) बोलपत्रदाताले खामको बाहिरपट्टी ठेक्का नम्बर, नाम र कलैया उपमहानगरपालिका कार्यालय, बारा भनी प्रष्ट लेख्नुपर्नेछ ।

२) बोलपत्र फाराम यस कार्यालयबाट माथी उल्लेख भए बमोजिम पछि फिर्ता नहुने गरी मूल्य तिरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयमा खरिद गर्न सकिनेछ ।

३) बोलपत्र दाखिला गर्ने फर्मले स्थायी लेखा नम्बरको प्रमाण पत्र तथा मुल्य अभिवृद्धि दर्ता प्रमाण पत्र र आ.ब. ०७४।०७५ को कर चुक्ता पत्रहरुको प्रमाणित प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

४) सूचना प्रकाशित भएको १६ औं दिनमा दिनको १२:०० बजे भित्र कलैया उपमहानगरपालिका कार्यालय, बारामा शिलबन्दी बोलपत्र दर्ता गराई सक्नु पर्नेछ र सोही दिन दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिने छ । उक्त दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ । बोलपत्र खोलिने मिति र समयमा बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५) बोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकालाई मान्यता दिईनेछ । म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

६) गत विगत वर्षहरुमा यस उपमहानगरपालिकालाई बुझाउनु पर्ने ठेक्का रकम नबुझाउने फर्मले रकम बुझाएपछि मात्र ठेक्कामा भाग लिन पाउने छन् ।

७) बोलपत्र साथ आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुने आउने धरौटी रकम यस कार्यालयको रा.वा. बैंक कलैया शाखामा रहेको हि.नं. १२६०३०३००७१०२ धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको ६० दिन म्याद भएको विड वण्डको सक्कलै प्रति संलग्न गर्नुपर्नेछ ।

८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

९) ठेक्का सम्झौता गर्दा कूल ठेक्को प्रथम किस्ता वापत नगदै नै बुझाई सम्झौत गर्नू पर्नेछ र बाँकी रकमका हकमा ठेक्का अवधिभरको म्याद सहित लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ वा नगद दाखिला गर्नुपर्नेछ । यदि सम्झौता अगावै कबाल गरेको सम्पुर्ण रकम एक मुष्ट दाखिला हुन आएमा ५ प्रतिशत ले हुन आउने रकम छुट दिइनेछ ।

१०) ठेकेदारले सम्पूर्ण किस्ता चुक्ता गरी कर चुक्ता प्रमाण पत्र ल्याउपछि मात्र धरौटी फिर्ता गरिनेछ ।

११) ठेक्का लिए वापत प्रचलित कानून बमोजिम कुनै शुल्क कर दस्तुर इत्यादी तिर्नुपर्ने दायित्व ठेकेदारको रहनेछ ।

१२) ठेक्का सम्झौता गर्दा बुझाएको रकम बाहेकको ठेक रकमलाई १ ( एक) किस्तामा बुझाउनु पर्नेछ । दोश्रो किस्ता तथा अन्तिम किस्ता चैत्र मसान्तसम्ममा किस्ता रकम अनिवार्य रुपमा ठेकेदारले बुझाउनु पर्नेछ । समयमा किस्ता रकम नबुझाउने ठेकेदारलाई वार्षिक १०% (दश प्रतिशत) व्याज रकम हर्जाना लाग्नेछ ।

१३) ठेक्का स्वीकृत भई कार्यालयले माग गरे बमोजिमको पहिलो किस्ता रकम दाखिला गरी परफरमेन्स वण्ड, नगद वा धनजमानी सहित सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ । ठेक्का सम्झौता गरेपछि कार्यालयबाट चलन पुर्जी लिई तोकिएको मितिबाट ठेक्का संचालन गर्न पाईनेछ ।

१४) ठेक्का चलन गर्दा प्रचलित नेपाल कानून अनुसार मात्र चलन गर्नुपर्ने छ । उ.म.न.पा. वा सार्वजिनक हित विपरित कुनै पनि कार्य गर्न गराउन ठेकेदारले पाउने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

१५) बोलपत्र स्वीकृत भएको मितिले ७ (तीन) दिन भित्र सम्झौता गरिसक्नु पर्नेछ ।
१६) ठेक्का सम्बन्धि कुनै विवाद भएमा उपमहानगरपालिकाको निर्णय नै मान्य हुनेछ ।
१७) नेपाल सरकार र कलैया उपमहानगरपालिका कार्यालयबाट समय समयमा दिइने निर्देशनको पालना गर्नु ठेकेदारको कर्तब्य हुनेछ । सो पालनाको कारणबाट क्षति वा घाटा भएको भनी क्षतिपुर्ति वा मिनाहा, छुट केही पनि प्राप्त हुने छैन ।
१८) ठेक्का सम्बन्धी अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयको कर शाखा, लेखा शाखामा कार्यालय समय भित्र सम्पर्क राख्ने सकिनेछ ।
१९) सार्वजनिक हित तथा नागरिक सरोकार, चेतना आदी विषयको सुचना सहित सौजन्यको रुपमा विज्ञापन गरेको कम्पनि तथा ब्यक्तिसंग विज्ञापन कर पाइने छैन ।
२०) यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

**(क) वार्षिक विज्ञापन कर दररेटहरुः-**

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १. | होडिङ्ग वोर्ड (प्रति वर्ग फिट) | रु.५०/- | |
| २. | सववोर्ड (डि.पि.एस) वर्ग फिट | रु.३०/- | |
| ३. | वाल पेन्टिङ्ग (प्रति वर्ग फिट) | रु.२०/- | |
| ४. | ग्लो साईन वोर्ड (प्रति पिस) | रु.७५/- | |
| ५. | पोल साईन वोर्ड (प्रति पिस) | रु.१००/- | |
| ६ | मदिरा जन्य पदार्थमा थप ५० प्रतिशत कर लाग्ने छ । | | |

ख)

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १. | कपडाको ब्यानर बनाई विज्ञापन गरे वापत प्रतिवर्ग मिटर | रु.३०/- | |
| २. | पसलमा राखिएको स्थायी होडिङ्ग/साइनवोर्डमा वार्षिक प्रतिवर्ग फिट | रु.३५/- | |
| ३. | होडिङ्ग वोर्डको मुख्य सडक र बजार क्षेत्र वार्षिक प्रतिवर्ग फिट | रु.४०/- | |
| ४. | होडिङ्ग वोर्डको मुख्य सडक बाहेक अन्य क्षेत्र वार्षिक प्रतिवर्ग फिट | ३०/- | |

नोटः–विज्ञापन करको हकमा २०७८ असाढ मसान्त अवधिलाई मान्य हुने छ ।

प्रमुख प्रशासकीय अधिकृत